
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।
✦जेष्ठ नागरिकलाई सम्मान गरौं,
✦जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग गरौं,
✦घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।
सभ्यताको परिचय दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क ३१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर २५ गते आइतबार ❑ 11 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पर्वतीय पर्यटनमा नेपालको प्रचूर सम्भावना–उपराष्ट्रपति पुन

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ मंसिर**

उपराष्ट्रपति नन्दबहादुर पुनले पर्वतीय पर्यटनमा नेपालको प्रचूर सम्भावना रहेको बताउनुभएको छ । विश्वपर्यटन दिवसका अवसरमा नेपाल पर्वतारोहण सङ्घद्वारा, अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरामा आयोजित सातौँ पर्वतीय महोत्सवको शनिबार उद्घाटन गर्दै उपराष्ट्रपति पुनले पर्वतीय पर्यटनका धेरै सम्भावनालाई अझै पनि अपेक्षित उपयोग गर्न नसकिएको बताउनुभयो ।

उपराष्ट्रपति पुनले कार्यक्रममा पर्वतीय पर्यटन नेपालको अर्थतन्त्रमा महत्वपूर्ण हिस्सा रहेको बताएका छन् । अर्थतन्त्रमा महत्वपूर्ण हिस्सा भनेको पर्यटन विकासमा भने रणनीति र कार्ययोजना आवश्यक रहेको उनको भनाइ छ । 'विश्वसामु नेपालको चिनारी र गौरव तथा नेपालको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा बनेको पर्वतीय पर्यटन विकासका लागि धेरै कार्य गर्नुपर्नेछ,' पुनले भने, 'नेपाल भ्रमण वर्ष प्रभावित भएको सन्दर्भमा नेपालको समग्र पर्यटन विकासका लागि नयाँ पर्यटन रणनीति तथा एकीकृत कार्ययोजना आवश्यक देखिन्छ ।' पर्यटन विकासमा रणनीति आवश्यक रहेको भनाइ राखेका पुनले विशेषगरी पर्वतीय पर्यटनलाई प्राथमिकता



दिनुपर्नेमा जोड दिए । पर्वतीय पर्यटनले हिमाली क्षेत्रमा बसोबास गर्ने भाषा, संस्कार, संस्कृति बुझाउन पनि भूमिका खेल्ने विचार उपराष्ट्रपति पुनले राखे । 'यसमा पनि हाम्रो पर्यटनको मेरुदण्डको रुपमा रहेको पर्वतीय पर्यटनलाई प्राथमिकता दिएर काम गर्न आवश्यक छ । पर्वतीय पर्यटन केवल आरोहणमात्रै होइन, यो पर्वतीय क्षेत्रमा बसोबास गर्नेहरुको भाषा, संस्कार, संस्कृति तथा जीवन बुझ्ने र उनीहरुको आर्थिक-सामाजिक जीवनमा रुपान्तरण ल्याउन योगदान पुऱ्याउने माध्यम पनि हो,' उनले भने । 'डिसेम्बर ११'लाई लक्षित गरि प्रत्येक वर्ष आयोजना हुने यस महोत्सव दुई दिन चल्ने छ । आज महोत्सवको पहिलो दिन विभिन्न खेल तथा कार्यक्रमहरु भएका छन् । छेलो हान्ने प्रतियोगितादेखि धनुषवाणको खेल भएको थियो । 'पर्वतीय वातावरण संरक्षणमा महिलाको भूमिका' र पोखरामा तीनवर्षमा दोब्बर पर्यटनक भित्र्याउने विषयमा छलफल कार्यक्रम पनि भएको थियो । 'पर्वतीय वातावरण संरक्षणमा महिलाको भूमिका' विषयक कार्यक्रममा चारजना महिला आरोही वक्ता थिए । आरोही लाक्पा फुटी शेर्पा, पुर्णिमा श्रेष्ठ, फुन्जो लामा र फुरदिकी शेर्पाले कार्यक्रममा बोले । विषयममाथि छलफल गर्दै चारै आरोहीको एकै स्वर थियो-वातावरण र हिमाल संरक्षण गर्नु हाम्रो जिम्मेवारी हो । आफूले चढिसकेको हिमाल चढ्न पुनः पुगेकी पूर्णिमाले चारवर्ष यता जलवायु परिर्वतनका कारण हिमाल हिउँविहीन हुन लागेको बताइन् । उनका अनुसार समयमै यसविषयमा गम्भीर नबने सेताम्मे हिमालहरु कालो पथरको रुपमा परिणत हुनेछन् । 'हिमाल पहिलाभन्दा पग्लीराखेको छ । चारवर्ष धेरै परिवर्तन देखेँ । विशेषगरि खुम्बुक्षेत्रमा धेरै परिवर्तन देखेँ । यसलाई सिरियस इस्युका रुपमा लिएन भने दिन प्रतिदिन हिमाल कालो पथर बन्दै जानेछ,' आरोही पूर्णिमाले भनिन् । यस्तै विलासिन पूर्ण एक्सपेडेसन कम्पनीको सेवाले पनि हिमालको वातावरणमा असर पुऱ्याएको बताउँछिन्, अर्की आरोही फुरदिकी शेर्पा । 'आइसफल हटाएर चउर बनाएर एजेन्सीहरुले सुविधा दिएछ । ठुलोठुलो कम्पनीहरुले त्यस्तो नगरे हुन्थ्यो । काठमाडौँको ट्याक्सीले त्यती काम पाउँदैन जति हाम्रो क्षेत्रमा हेलीले पाउँछ,'उनले भनिन् । पहिलो कार्यक्रमपछि पोखरामा तीनवर्षभित्र कसरी दोब्बर पर्यटन भित्रयाउन सकिन्छ विषयमा छलफल भएको थियो । छलफलमा पोखरा महानगरका प्रमुख धनराज आचार्य र नेपाल पर्यटन बोर्डको निर्देशक धनञ्जय रेग्मी सहभागी थिए । छलफल कार्यक्रममा बोल्दै प्रमुख आचार्यले सञ्चालनमा आउने अन्तर्राष्ट्रिय विमानस्थलले पर्यटक भित्रयाउन ठूलो भूमिका खेल्ने विचार राखे । संयुक्त राष्ट्र संघले यसवर्षको पर्वतीय दिवस 'वुमन मुभ माउन्टेन्स्'को नारासहित मनाउने निर्णय गरेको छ । उद्घाटन समारोहमा अन्तरविद्यालयस्तरीय चित्रकला प्रतियोगिताका विजेता विद्यार्थीलाईपुरस्कृतगरिएकोथियो। आइतबार महोत्सवको अन्तिम दिन यसै विषयमा छलफल कार्यक्रम हुँदैछ ।

## संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि सञ्चार जगतको उल्लेखनीय योगदान : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ मंसिर**




गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नेपालको हरेक सवालमा पत्रकारको भूमिका महत्वपूर्ण रहेको भन्दै संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि पनि सञ्चार जगतले उल्लेखनीय योगदान दिएको बताएका छन् ।

नेपाल पत्रकार महासंघ कास्कीको १६ औं साधारणसभा उद्घाटन गर्दै मुख्यमन्त्री पोखरेलले यस्तो बताएका हुन् । उनले प्रेसमाथि अंकुश लगाउने काम कहि कतै बाट पनि हुन हुँदैन भन्नेमा सरकार स्पष्ट रहेको स्पष्ट पारे । मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेश सरकार प्रेस स्वतन्त्रताका लागि गण्डकी प्रदेश सरकार प्रतिवद्ध रहेको बताए । राज्यका कानून कार्यान्वयनमा पत्रकार जति सक्रिय हुन्छन् त्यति नै राज्यका अंगहरु सचेत हुने उनले बताए । सरकारले गरेका जनहित विपरीतका गतिविधिमा सधैं खबरदारी गर्न र कलम चलाउन आग्रह गर्दै मुख्यमन्त्री पोखरेलले कोरोना कहरमा मिडियाले खेलेको भूमिका कहिल्यै भुल्न नसकिने बताए । पत्रकारले जनताको मन जितेर काम गर्नुपर्नेमा जोड दिँदै उनले गण्डकी प्रदेश सरकार सधैं पत्रकारको साथमा रहेको स्पष्ट पारे । नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरलले पोखराको पत्रकारिताले देशमा नै हलचल गर्ने बताए । राज्यले प्रेस स्वतन्त्रतालाई अझै पनि संकुचित बनाउने प्रयास गरिरहेको भन्दै यसका लागि महासंघले खबरदारी गर्नुका साथै पत्रकारको हक हित र सुरक्षामा विशेष ध्यान दिने स्पष्ट पारे । विकास र पत्रकारिता संगसंगै अघि बढ्ने भएकाले गुणात्मक पत्रकारिताका लागि राज्यको ध्यान जानुपर्नेमा उनले जोड दिए ।

श्रमजीवी पत्रकारले ऐन कानूनले तोकेको पारिश्रमिक नपाउने अवस्थामा अझै कायम रहेकाले यसका लागि महासंघले खबरदारी गरिरहेको बताए । पोखरा महानगरपालिकामा प्रमुख धनराज आचार्यले पोखरा महानगरपालिका पत्रकारको क्षमता अभिवृद्धिका लागि पत्रकार महासंघसंग सधैं साथमा रहने प्रतिवद्धता जनाए । कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी कुसुम केशव पराजुली, शान्तिका लागि नागरिक समाज सञ्जालका अध्यक्ष विना सिलवाल, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष पूण्य पौडेल, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश अध्यक्ष नारायण शर्मा लगायतले बोलेका थिए । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले कोरोना कहरले सञ्चार क्षेत्रमा ठूलो असर पुऱ्याएको बताइन् । पत्रकार महासंघले कास्कीका पत्रकार हरुको अभिभावकीय भूमिका निर्वाह गर्दै महासंघको गरिमालाई उचो बनाउने काम गरिरहेको उनले स्पष्ट पारिन् ।

आफ्नो कार्यकालमा पत्रकारको क्षमता अभिवृद्धि गर्नका लागि महासंघले ध्यान दिएको भन्दै अध्यक्ष भण्डारीले आगामी दिन पनि यस कार्यक्रमलाई महत्व दिने प्रतिवद्धता जनाइन् । महासंघका अध्यक्ष विमला भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष रामप्रसाद तिमल्सेनाले धन्यवाद ज्ञापन र कार्यक्रम सञ्चालन सचिव माधव प्रसाद बराललले गरेका थिए । यसैगरी साधारणसभाले नेपाल पत्रकार महासंघ कास्की शाखाले संस्थागत सुशासन र

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## व्यापार मेलाको समापन आज

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ मंसिर**

पोखरा उद्योग वाणिज्य संघको आयोजनामा पोखराको नयाँबजारमा जारी समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला २०७९ को आइतबार समापन हुँदैछ ।

लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन भन्ने नाराका साथ मंसिर २५ गतेबाट सुरु भएको मेला समापनमा गण्डकी प्रदेशका पर्यटन,उयोग,वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा प्रमुख अतिथि रहने संघका महासचिव बलराम आचार्यले जानकारी दिएका छन् । उनका अनुसार मेला समापनको अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालसहितका अतिथिहरु पनि उपस्थित रहनेछन् ।

पोखरा लगायत सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य,पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा सघाउ पुऱ्याउने उद्धेश्यले आयोजित मेलाले समग्र गण्डकीको पर्यटन प्रवर्द्धनको लागि पनि उत्तिकै जोड दिएको संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले बताए । पोखरा औद्योगिक क्षेत्रमा उत्पादित सामग्रीहरु,हस्तकला,कृषिका स्टलहरुमार्फत् स्थानीय उत्पादनहरुको प्रवर्द्धन गरिएको उनले बताए । मेला नाफा-घाटा खोज्ने थलो नभएर समग्र अर्थतन्त्र चलायनमान बनाउने यज्ञ भएको जिकिर गर्दै उनले भने,'मेलाले तत्कालको लागि लाभ दिने है न, अहिले गरिएको प्रवर्द्धनले भोलिको व्यवसाय बढाउने हो, हामी हाम्रो उदेश्यमा सफल भएका छौं ।' संघका वाणिज्यतर्फका उपाध्यक्ष उत्तममान बुद्धाचार्यले मेलाको अन्तिम दिनमा भारी छुटमा सामान बिक्री भइरहेको जानकारी दिए । उनले छुटमा घरायसी तथा गुणस्तरीय सामग्री खरिद गर्ने अवसर नगुमाउन पोखरेलीलाई आग्रह पनि गरे ।

मेला सांस्कृतिक उपसमिति संयोजक शोभा गौतमका अनुसार आइतबार पनि सांस्कृतिक कार्यक्रमहरु जारी रहनेछन् ।

## द्वन्द्वपीडितलाई यथाशीघ्र न्याय उपलब्ध गराउन सरकार सचेत छ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, २४ मंसिर**

प्रधानमन्त्री शेरबहादुर देउवाले द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित परिवारलाई यथाशीघ्र न्याय उपलब्ध गराउने प्रतिज्ञा गर्नुभएको छ ।

यहाँ आयोजित ७४औँ अन्तर र्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले शुभकामना दिँदै द्वन्द्वपीडित र परिवालाई यथाशीध्र न्याय दिन सरकार सचेत रहेको बताउनुभयो ।

"मानवअधिकारको विशेष संरक्षण र संवर्द्धन गर्न सरकार प्रतिबद्ध छ", उहाँले भन्नुभयो, "द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित र पीडित परिवारलाई यथाशीघ्र न्याय गर्न सरकार सचेत छ ।" उहाँले राष्ट्रिय मानवअधिकार आयोगको कामको प्रशंसा गर्दै आयोगका समस्या र गुनासोको सम्बोधन गर्ने आश्वासनसमेत दिनुभयो ।

कार्यक्रममा आयोगका अध्यक्ष तपबहादुर मगरले सशस्त्र द्वन्द्वकालीन पीडितको न्याय विषय अनिश्चित बन्दै गएको बताउनुभएको थियो । "सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूलाई अधिकार सम्पन्न बनाउने कार्यमा सर्वोच्च अदालतको आदेश, यस आयोगको सिफारिस र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल कानुनी व्यवस्था हुन नसक्दा सशस्त्र द्वन्द्वकालीन पीडितहरूको न्यायको विषय अनिश्चित बन्दै भएको छ ।" उहाँले फौजदारी कसुरका आरोपी तथा पुर्पक्षमा रहेका व्यक्ति र आयोगले मानवअधिकार उल्लङ्घनमा दोषी भनी कारबाहीका लागि सिफारिस गरेका व्यक्तिलाई समेत राजनीतिक दलले उम्मेदवार बनाएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो ।

## पोखरा उद्योग वाणिज्य संघको अन्त्यन्त जरुरी सूचना तथा साधारण सदस्यज्यूहरुलाई हार्दिक निमन्त्रणा

उपरोक्त सम्बन्धमा पोखरा उद्योग वाणिज्य संघ, नेपाल उद्योग वाणिज्य महासंघ तथा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको आयोजना, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी, पोखरा महानगरपालिका एवं नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा यही मिति २०७९ साल मंसिर १६ देखि २५ गतेसम्म पोखरा प्रदर्शनी केन्द्र, नयाँबजार पोखरामा आयोजित समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला २०७९ को समापन समारोहमा उपस्थितिको लागि हाम्रा साधारण सदस्यज्यूहरु तथा बस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिज्यूहरुलाई निमन्त्रणा पठाइसकिएको छ । कथंकदाचित निमन्त्रणा प्राप्त नभएमा यही सूचनालाई निमन्त्रणा मानी निम्न मिति, समय र स्थानमा आयोजना हुने समापन समारोहमा यहाँको गरीमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति** : २०७९ साल मंसिर २५ गते आइतबार
**समय** : दिनको ठीक २:३० बजे ।
**स्थान** : पोखरा प्रदर्शनी केन्द्र नयाँबजार, पोखरा ।
**प्रमुख अतिथि** : गण्डकी प्रदेशका पर्यटन उद्योग,वाणिज्य तथा आपूर्तिमन्त्री माननीय श्री मणिभद्र शर्मा काडेल

**प्रार्थी**
**बलराम आचार्य**
**महासचिव**

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुलुकमा आर्थिक तथा राजनीति तरलता बन्दै गएको छः मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले मुलुकमा अहिले पनि आर्थिक र राजनीति तरलता बन्दै गएको बताए।

ब्रह्मकुमारी इश्वरीय विश्वविद्यालय, पार्दी शाखा अर्न्तगत उपशाखा पोखरा २२ मा निर्माण हुने दिव्य शान्ति भवनको शनिबार एक समारोहका बिच शिलान्यास गर्दै मन्त्री बरालले उक्त कुरा बताएका हुन्।



मुलुकमा राजनीति तरलताको स्थिती बन्दै गएको बताएका मन्त्री बरालले आर्थिक हिसावले पनि मुलुक चर्को आर्थिक संकटमा परेकोले नेपाल श्रीलंकाको पथमा जान सक्ने भएकोले यसको समयमै व्यवस्थापन गर्नुपर्ने बताए। समाजमा सदभाव र सहिष्णुतामा पनि चरम प्रकारको अराजकता व्यापक रहेको मन्त्री बरालले जनाए।

मानिसलाई कसरी सहनशिल, ज्ञानी, असल बनाउन सकिन्छ समाजमा मानिसको दाहित्व के हो भन्ने विषयमा इश्वरीय विश्व विद्यालयले महत्वपूर्ण भूमिका निर्वाह गरेको मन्त्री बरालले बताए। कुनै पनि राम्रो कामको थालनी गरेका तथा संस्थापकहरुलाई मान सम्मान गर्न नसक्दा त्यसले समाजलाई राम्रो नगर्ने उनले जनाए। मन्त्री बरालले आफ्नो पालामा सुरु गरेका योजनाहरु पूरा गर्न आफु कटिवद्ध भएको जनाए। पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले पुम्दी भुम्दी अब धार्मिक पर्यटकीय गन्तव्य बन्दै गएको दाबी गरे। उद्योग व्यवसाय गरेको ३० वर्ष भन्दा ५,६ वर्ष देखि पुम्दीकोट बनाउने अभियानमा लाग्दा त्यसले आफुलाई बढी आत्मसन्तुष्टि भएको उनले बताए। ब्रह्मकुमारी इश्वरीय विश्वविद्यालय नेपालका प्रमुख राजयोगिनी परिणीता दिदीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा विश्वविद्यालयका महासचिव सैलेस बराल, पार्दी शाखाकी राजयोगनी अप्सरा दीदी, लव्लीहिलकी राजयोगीनी सुधा दिदी, ब्रह्मकुमार शिसिर लगायतले बोलेका थिए।

करिब ५० लाखको लागतमा निर्माण हुने उक्त भवन निर्माण गर्न अर्थ मन्त्री बरालको पहलमा प्रदेश सरकारबाट १० लाख बजेट विनियोजन भएको स्थानिय हेमराज बरालले बताए। स्थानिय चन्द्रकला बराल सहितको परिवारले दिएको जग्गामा उक्त भवन बन्ने भएको हो। उक्त भवन बनाउने अभियानमा स्थानिय ममता पौडेलबाट ३ लाख, ऋषि बराल, दुर्गा पराजुली, गोमा बराल, रिता/हेमराज बराल लगायतबाट सहयोग उपलब्ध हुने भएको छ। उक्त अवसरमा मन्त्री बराल तथा जग्गादातालाई सम्मान गरिएको थियो।

# ताइपेइका हाङ र रसियाकी लैलालाई आइटीएफ जे-५ टेनिस उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

कास्की जिल्ला टेनिस संघद्वारा पोखरामा आयोजित आइटीएफ जे-५, सर्किट २ मा ताइपेइका के हाउ हाङले पुरुषतर्फ तथा रसियाकी लैला आक्मेतोवाले महिलातर्फ उपाधी जितका छन्।

नेपाल टेनिस संघको सहयोगमा पोखरा रंगशालामा शनिबार भएको फाइनल खेलमा पुरुषतर्फ हङले अमेरिकाका हानु पटेललाई 'रिटायर्ड हर्ट'मा पराजित गर्दै खेलमा जित हाँसिल गरेका हुन्। दोस्रो सेटको खेलमा १-० ले पछि परेका हानुले स्वास्थ्यमा आएको खराबीका कारण खेल छाडेका थिए। पहिलो सेटको खेल हङले ६-४ ले आफ्नो पक्षमा पारेका थिए। महिलातर्फको फाइनलमा रसियन खेलाडी आक्मेतोवाल भारतकी दुर्गान्सी कुमारलाई ६-१, ६-१ ले पराजित गरिन्। प्रतियोगितामा विजयी खेलाडीहरुले आइटीएफको महत्वपूर्ण ३० अंक पाएका छन्। त्यसैगरि दोस्रो स्थान हाँसिल गरेका पुरुष तथा महिला खेलाडीले १८ अंक जोडेका छन्। पुरुषतर्फ



भारतका बंश नन्दल र महिलातर्फ भारतकी काइरा सिद्धार्थले दोस्रो स्थान हाँसिल गरेका थिए। विजयी खेलाडीहरुलाई नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थले मेडल प्रमाण-पत्र प्रदान गरेका थिए। सो अवसरमा बोल्दै कायस्थले पोखराले टेनिसमा महत्वपूर्ण सफलता हाँसिल गरेको बताए। वर्षेनी यहाँ सञ्चालन हुने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतियोगिताहरुले खेलाडीलाई व्यवसायीकताको बाटोमा अघि बढाएको कायस्थको भनाई थियो। खेलसँगै पर्यटन प्रवर्द्धनमा पनि टेनिस सिद्ध भएको उनले जनाए। पोखराको टेनिस विकासमा निजी क्षेत्रको अहम भूमिका रहेको जनाउँदै अब सरकारी र कर्पोरेट क्षेत्रले पनि यसको महत्व बुझ्न आवश्यक रहेको औंल्याए। आयोजक संघ कास्कीका अध्यक्ष लोक गुरुङले प्रतियोगिता सफल पार्न सहयोग गर्ने सहयोगीप्रति आभार व्यक्त गर्दै 'अब पोखरामा छिट्टैनै माछापुच्छे राष्ट्रिय ओपन तथा भेट्रान्स प्रतियोगिता आयोजना गरिने जनाए। संघका उपाध्यक्ष नविन चालिसेले कार्यक्रम सञ्चालन गरेका थिए।

# '१७ औं प्याब्सन स्पोर्टस मिट २०७९' आज उद्घाटन हुँने

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

'१७ औं प्याब्सन स्पोर्टस मिट २०७९' अन्तर्गत पोखरामा सिनियर र जुनियर छात्रतर्फ फुटबल प्रतियोगिता जारी रहेको छ भने प्लस-टु (कक्षा ११-१२)तर्फ छात्रा भलिबल र छात्र बास्केटबल प्रतियोगिताहरु सुरु भएका छन्।

निजि विद्यालयहरुको छाता संस्था प्याब्सन कास्कीद्वारा आयोजित स्पोर्टस मिट अन्तर्गत शनिबार चौथो दिन पनि सिनियर र जुनियर फुटबलतर्फका २० खेल सम्पन्न भएका हुन्। पोखराका तिन छुट्टा-छुट्टै खेल मैदानमा सञ्चालन सिनियरतर्फ र जुनियरतर्फ प्रि-क्वाटरका खेलहरु सञ्चालन भइरहेको प्याब्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेलले जानकारी दिएका छन्।



सम्पन्न प्रतियोगिता अन्तर्गत सिनियर फुटबलतर्फ गौरीशंकर खेल मैदानमा सम्पन्न भएको खेलमा हिल पोइन्ट, ग्लोबल, शान्ती दिप, पोखरा पब्लिक र मेट्रोपोलिटियन विजयी भएका छन्। खेलमा हिल पोइन्टले हिमाञ्चललाई ४-० गोलले पराजित गर्दा ग्लोबलले भ्यू पोइन्टलाई १-० र पोखरा पब्लिकले तारा कुञ्जलाई ७-१ को भारी गोल अन्तरले पराजित गरेको छ। एक अर्को खेलमा शान्ती दिपले टप्सलाई टाइब्रेकरमा ४-२ ले पाखा लगाएको छ। निर्धारित समयमा दुबै टिमले गोल गर्न सकेका थिएनन्। अर्को एक खेलमा मेट्रोपोलिटियनले स्टेप बाई स्टेपलाई २-० ले पराजित गरेको फुटबल संयोजक जगत थापाले जनाए। सिनियर फुटबलतर्फनै बालविद्यालेपोखरा युनाइटेडलाई २-० ले, विद्या निकेतनले सरस्वतीलाई २-१ ले, पोखरा एकेडेमीले गोल्डन नेचरलाई ४-० ले बालोदयले बाल प्रभातलाई २-१ ले, शान्तीकुञ्जले हिमालयनलाई १-० ले पराजित गरेको छ। एक अर्को खेलमा शिसु कल्याणले एक्स आर्मीलाई टाइ ब्रेकरमा ४-२ ले पराजित गरेको छ। निर्धारित समयमा दुवै टिमले ३-३ गोल गर्दै बराबरी खेलेका थिए।

यता शान्ती दिप खेल मैदानमा जुनियरतर्फको खेलमा पारामाउण्टले सोसियल पब्लिकलाई १-० ले, गुरुकुलले प्रगतीलाई ३-२ ले, गुरुकुलले पिएलएलाई ५-० ले, सगरमाथाले भाष्करलाई १-० ले र स्नो भ्यूले ग्लोबललाई २-१ ले पराजित गरेको छ।

१७ औं संस्करणको प्याब्सन स्पोर्टस मिटको उद्घाटन यहि मंसिर २५ गते पोखरा रंगशालामा संघिय सरकारका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले उद्घाटन गर्ने कार्यक्रम रहेको अध्यक्ष पौडेलले जानकारी दिएका छन्। उद्घाटन कार्यक्रम अपरान्ह ११ बजे सुरु हुनेछ। प्रतियोगिता अन्तर्गत कक्षा ११ र १२ का विद्यार्थीहरूका बिच छात्र/छात्रा भलिबल, छात्र/छात्रा बास्केटबल, छात्र तथा छात्रा एथलेटिक्स जस्ता इभेन्टहरूमा ७७१२ भन्दा बढी विद्यार्थीहरूले प्रत्यक्ष रूपमा प्रतिस्पर्धा गर्ने र दैनिक ११ हजारभन्दा बढी विद्यार्थी अभिभावक र अन्य दर्शकहरूले अवलोकन गर्ने प्यावसन कास्कीले जनाएको छ। प्रतियोगिता अन्तर्गत भलिवल छात्रातर्फ १९, छात्रतर्फ १८ टिम, टेवुल टेनिस सिंगल्स छात्रतर्फ ४१ जना, छात्रातर्फ १९, टेवुल टेनिस छात्र डवल्सतर्फ ३९ र छात्रातर्फ १६ टिमको सहभागिता रहनेछ। त्यसै गरी ट्रायक एण्ड फिल्ड एथलेटिक्सतर्फका विभिन्न इभेन्टस्मा छात्रतर्फ ६५, छात्रातर्फ ५३ जनाको सहभागिता हुने प्रतियोगिताकी संयोजक तथा प्याब्सन कास्कीकी वरिष्ठ उपाध्यक्ष उमा लामिछानेले जानकारी दिएकी छन्।

कक्षा ११-१२ प्लस टु अर्न्तगत एथलेटिक्स छात्रतर्फ १५ र छात्रातर्फ ८ विद्यालयको सहभागिता रहेको छ। कक्षा ११-१२ छात्र भलिवलतर्फ १६, छात्रातर्फ ८, बास्केटबल कक्षा १-१० सिनियर छात्रतर्फ १७ र छात्रातर्फ ६ टिमको सहभागिता हुनेछ। १७ औं प्याब्सन स्पोर्टस सञ्चालन गर्न करिव ५० लाख खर्च हुने अनुमान रहेको कास्की प्याब्सनले जनाएको छ। प्याब्सन कास्कीमा कास्की जिल्लामा १ सय २ वटा निजी तथा आवासीय विद्यालयहरू सदस्यका रुपमा आवद्ध रहेका र संस्थामा आवद्ध विद्यालयहरूमा ७५ हजार भन्दा बढी विद्यार्थी र ७ हजार ३ सय भन्दा बढीको संख्यामा शिक्षक कर्मचारीहरू कार्यरत रहेको सचिव पुष्पराज पराजुलीले बताए।

# पोखरा अन्तर्राष्ट्रिय म्याराथनलाई अन्तर्राष्ट्रिय मान्यता, पायो एम्सको सदस्यता

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

नेपालकै जेठो म्याराथन-'पोखरा अन्तर्राष्ट्रिय म्याराथन'ले अन्तर्राष्ट्रिय मान्यता पाएको छ। विश्वभरका दौडहरु 'वर्ल्ड रनिङ'को छाता संगठन एसोसियन अफ म्याराथन एण्ड डिस्टेन्स रेसेस (एम्स)को सदस्यता प्राप्ती सँगै यसले अन्तर्राष्ट्रिय मान्यता पाएको हो।

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा हुँदै आएको पोखरा अन्तर्राष्ट्रिय म्याराथनले १६ औं संस्करण पार गरिसकेको छ भने आगामी फागुन ६ गते १७ औं संस्करणको तयारीमा जुटिसेको छ। हालै मात्रै पोखरा अन्तर्राष्ट्रिय म्याराथनको दौड रुटले मान्यता पाएको थियो भने लगतै एम्सको समेत सदस्य प्राप्त गर्न सफल भएको मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले बताएका छन्। "यो हाम्रो लागि निकै गर्वको विषय हो। नेपालको जेठो म्याराथनको रुपमा स्थापित पोखरा म्याराथनले अन्तर्राष्ट्रिय मान्यता पाउनु पोखरेली खेलप्रेमीहरुको लागि गौरवको विषय हो।"

अध्यक्ष पराजुलीले पोखरा म्याराथनलाई यहाँ सम्म ल्याइ पुऱ्याउन सहयोग गर्न देश तथा विदेशमा रहेका मञ्चका २४० भन्दा बढि आजिवन सदस्यहरु, कार्यसमितिका सदस्य, पदाधिकारी र सल्लाहाकारहरु सँगै सहयोगी मनहरु प्रति आभार व्यक्त गरेका छन्। उनले भने-"यो सदस्यता प्राप्त गर्नुमा सबैको उत्तिकै सहयोग र साथ छ। गण्डकी प्रदेश सरकार, पोखरा महानगर पालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी र आम पोखरेलीहरु संग यो खुसीलाई सामुहिक रुपमा हामी बाँड्न चाहन्छौं।"

सदस्यता प्राप्त गरे सँगै एम्सका अध्यक्ष पाको बोराओले मञ्चलाई बधाई दिँदै म्याराथनको अन्तर्राष्ट्रिय यात्रामा संग-सँगै हिड्न पाउँदा खुसी लागेको बताएका छन्।

# संघीय...

पारदर्शिता कायम गर्दै सदस्यता शुद्धिकरणलाई निर्ममताका साथ कार्यान्वयन गर्ने, न्यूनतम् पारिश्रमिक कार्यान्वयन गराउन सबै सञ्चार गृहसंग अपिल गदै निरन्तर अनुगमन र खबरदारी गर्ने प्रस्ताव पारित गरेको छ। प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिता पूर्णरुपमा पालना गर्नका लागि सबै पत्रकार हरुलाई अपिल गर्दै आचारसंहिता पालना भए, नभएको अनुगमन गरि आगामी साधारणसभामा प्रतिवेदन प्रस्तुत गर्ने, पत्रकार महासंघको सचिवालय अपांगमैत्री बनाउने र कास्कीमा सञ्चालित सञ्चारगृहलाई अपांगमैत्री बनाउन आग्रह गर्ने साधारणसभाद्वारा प्रस्ताव पारित गरिएको छ। यस्तै, महासंघका पदाधिकारी तथा सदस्यहरुले बैठकमा प्रस्तुत भएका एजेण्डामाथि लिखितरुपमा छलफलमा सहभागी हुने, बैठकमा उपस्थित हुन नसकेमा अर्को बैठकमा स्पष्टिकरण दिनुपर्ने र बिना जानकारी लगातार तीन वटा बैठकमा उपस्थित नभएमा कार्वाहीको प्रक्रिया अघि बढाउने प्रस्ताव पनि साधारणसभाले पारित गरेको छ। प्रस्ताव समितिमा प्रकाश ढकाल, सन्देश श्रेष्ठ, रोहितराज पराजुली, खीमा गुरुङ, गौरव त्रिपाठी र सुरेश रानाभाट रहेका थिए। साधारणसभामा प्रस्तुत भएको सचिव माधवप्रसाद बरालको प्रगति प्रतिवेदन र कोषाध्यक्ष कृष्ण दवाडीको आर्थिक प्रतिवेदन संशोधनसहित पारित गरिएको थियो।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाइसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनावारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८११९४, ९८४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाह्री झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
- थमस हार्डी

## सम्पादकीय

# दस्तावेजमा सिमित मानवअधिकार

संयुक्त राष्ट्र संघको महासभाले मानवअधिकार घोषणा पत्र सार्वजनिक गरेको दिनलाई अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको रुपमा मनाउन थालिएको छ । सन १९४८ डिसेम्बर १० तारिखमा राष्ट्रसंघीय महासभाले मानवअधिकारको घोषणापत्र जारी गरेको थियो । ऐतिहासिक दिनलाई दिवसको रुपमा मनाउन थालेको धेरै वर्ष भएको छ । मानिस जन्मिएदेखि मृत्युपर्यन्त आधारभूत अधिकार पाउने कुरा घोषणापत्रले समेटेको छ । मानवअधिकारको विषय सबैको साझा चासोको विषय हो । हरेक देशमा मानवअधिकारको अवस्था कस्तो छ भनेर राष्ट्रसंघीय मानवअधिकार परिषद्मा छलफल हुने गर्दछ । नेपालमा मानवअधिकारको अवस्था कस्तो छ भनेर राष्ट्रिय मानवअधिकार आयोगले राष्ट्रपति समक्ष प्रतिवेदन बुझाउने गर्दछ ।

आयोगका अध्यक्ष तप बहादुर मगरले राष्ट्रपति विद्या देवी भण्डारीलाई पेश गरेको प्रतिवेदनमा अहिले पनि मानव अधिकारको समग्र अवस्था सन्तोषजनक नरहेको जनाइएको छ । राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस सरकारले कार्यान्वयन नगरेको उल्लेख गरेको छासरकारले आयोगको सिफारिस कार्यान्वयन नगर्नु मानवअधिकारप्रतिको बेवास्ता हो । दशवर्षको सशस्त्र द्वन्द्वका कारण मानवअधिकारको अवस्था दयनीय थियो । मानवअधिकार उल्लंघनका घटनाले सबैलाई चिन्तित बनाएको थियो । द्वन्द्व समाधानको लागि बिस्तृत शान्ति संझौता भएको हो । विस्तृत शान्ति सम्झौतामार्फत शुरू भएको शान्ति-प्रक्रियाले १६ वर्ष पार गरिसक्दा पनि द्वन्द्वपीडितले अझै न्याय पाउन नसकेको आयोगको प्रतिवेदले औल्याएको छ । बालविवाह, महिला हिंसा, हिरासतमा मृत्यु, मानव बेचबिखन जस्ता समस्या विद्यमान छन । पीडितको न्यायमा पहुँच, सरल, सहज र सुरक्षित हुन सकेको छैन । साशकले भन्ने एकथोक गर्ने अर्कै थोक हुनेगरेको छ ।

आप्रवासी कामदारमाथि श्रम शोषण, यौन शोषण, नेपालमै हुने ठगीजस्ता कार्यले उनीहरूको मानव अधिकारको अवस्था सन्तोषजनक छैन । सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, जेष्ठ नागरिक, लैङ्गिक अल्पसंख्यक लगायतको विषयमा राज्यले विशेष ध्यान दिन सकेको छैन । अहिले पनि दण्डहीनताको अवस्था कायमै रहेको, आयोगका सिफारिस सरकारले कार्यान्वयन नगरेको, सरकारबाट अपेक्षित सहयोग प्राप्त नभएको, कानुनी अपर्याप्तता कायमै रहेको जनाइएको छ । मानवअधिकार दिवस मनाइहँदा पनि पुरानै विषय घच्चच्याउनु पर्ने अवस्थाले हामी धेरैले पछाडि छौं भन्ने देखाएको छ । मानवअधिकारको लागि सरकारले सबैलाई आश्वस्त पार्न आयोगको सिफारिस कार्यान्वयन र प्रतिबद्धता अनुसार काम गर्नु आवश्यक छ ।

राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई गरेका सिफारिसमध्ये १५ प्रतिशत मात्रै पुर्णरुपमा कार्यान्वयन भएको पाइएको छ । आयोगले बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको गत आर्थिक वर्षको प्रतिवेदन अनुसार आयोगका सिफारिसको सरकारले १५.३ प्रतिशत मात्रै कार्यान्वयन गरेको पाइएको हो । सरकार मानवअधिकार प्रति जिम्मेवार छैन भन्ने देखाउँछ । आयोगका अनुसार सिफारिसमध्ये आंशिक रुपमा भने ३९.२ प्रतिशत कार्यान्वयन भएका छन् भने ४५.५ प्रतिशत सिफारिस भने सरकारले कार्यान्वयन गर्न नै बाँकी रहेको आयोगका प्रवक्तासमेत रहेका सहसचिव डा.टिकाराम पोखरेलले दिएका छन । आयोगबाट गत आर्थिक वर्षमा अनुसन्धान सम्पन्न भएका जम्मा ४१४ उजुरीमाथी निर्णय भएको भएको छ । जसमा ६ वटा नीतिगत सिफारिस भएको छ । गत वर्ष मानव अधिकारको उल्लंघन वा हनन भउको भन्दै आयोगमा १०१ वटा उजुरी दर्ता भएको जनाएको छ । आयोगले उक्त अवधिमा २२१ पटक अनुगमन गरेको, आयोगले पुराना र नयाँ गरी ५०३ उजुरीमाथि अनुसन्धान गरेको प्रतिवेदनमा उल्लेख गरेको छ ।

आयोगका सिफारिस कार्यान्वयन हुन सकेमात्र उल्लंघन गर्नेहरू हच्किन्छन । पुरातन र रुढीबादी मानसिकताले गर्दा नेपाली समाजको ठूलो हिस्सा ग्रसित रहेको आयोगको ठहर छ । अधिकार, न्याय, स्वतन्त्रता र समानता लगायतका विषय उठान भए पनि व्यवहारमा भने अझै पनि नेपाली समाज जातीय भदेभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजो जस्तो कुप्रथाबाट मुक्त हुन नसकेको अवस्थाले मानव अधिकार उपभोगमा चुनौती सिर्जना गरेको प्रतिवेदनमा उल्लेख छ । नेपाली समाज अझै पनि पछौटे चिन्तनबाट मुक्त हुन सकेको छैन । मानवअधिकारको जागरण चलाउनुपर्ने उतिकै खाँचो छामानवअधिकारका कुरा आयोगको मात्र हो भनेर पन्छिन मिल्दैन । राजनीतिक दल,नागरिक समाज र संचार माध्यमले मानव मर्यादा कायम राख्ने र मानवअधिकारको लागि सरकारलाई दबाबमूलक कार्यक्रम ल्याउन घचघच्याइ रहनुपर्दछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# क्रोएसिया र अर्जेन्टिना विश्वकप फुटबलको सेमिफाइनलमा

रासस
काठमाडौं, २४ मंसिर

क्रोएसिया फिफा विश्वकप फुटबल २०२२ को सेमिफाइनलमा पुगेको छ ।

कतारको दोहास्थित एजुकेसन सिटी स्टेडियममा आज भएको पहिलो क्वाटरफाइनलमा क्रोएसियाले ब्राजिललाई टाइबेकरमा ४-२ गोलन्तरले पराजित गर्दै अन्तिम चारमा आफ्नो स्थान सुरक्षित गरेको हो । टाइबेकरमा क्रोएसियाका निकोला भ्लासिच, लोभ्रो माजेर, लुका मोड्रिच र मिस्लाभ ओर्सिचले गोल गरे । ब्राजिलका लागि भने क्यासिमेरो र पेड्रोले गोल गर्दा रोड्रिगो र मार्क्विन्होस पेनाल्टीमा गोल गर्नबाट चुके । खेलको निर्धारित समयसम्म दुवै टोलीले गोल गर्न नसक्दा खेल अतिरिक्त समयमा लम्बिएको थियो । अतिरित्तल समयको खेल १-१ गोलको बराबरीमा सकिएपछि खेल टाइबेकरमा पुगेको थियो ।

अतिरिक्त समयको पहिलो हाफको इन्जुरी समयमा ब्राजिलका नेयमारले गोल गर्दै पहिलो अग्रता लिएका थिए । उनले पाक्वेटाको पासमा गोल गरेका थिए । खेलको ११७औं मिनेटमा क्रोएसियाका ब्रुनी पेट्कोभिचले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याएका थिए । हारसँगै ब्राजिल भने प्रतियोगितबाट बाहिरिएको छ ।

अर्जेन्टिना फिफा विश्वकप फुटबल२०२२को सेमिफाइनलमा पुगेको छ । कतारमा आज भएको क्वाटरफाइनलमा नेदरल्याण्डसुलाई पराजित गर्दै अन्तिम चारमा आफ्नो स्थान सुरक्षित गरेको हो । खेलको ३५औं मिनेटमा अर्जेन्टिनाका लागि नहुएल मोनिलाले गोल गर्दै अग्रता दिलाएका थिए भने ७३औं मिनेटमा लियोनल मेस्सीले गोल गर्दै अग्रता दोब्बर बनाएका थिए । तर नेदरल्याण्डस्का लागि वोउट वेग्होर्स्टले खेलको ८३औं र इन्जुरी समयमा गोल गर्दै खेल बराबरीमा ल्याएपछि खेल अतिरिक्त समयमा पुगेको थियो । त्यसपछि दुवै टोलीबाट गोल नभएपछि खेल टाइबेकरमा पुगेको थियो । टाइब्रेकरमा अर्जेन्टिनाले खेल ४-३ गोल अन्तरले विजयी भयो ।

# लेखनाथ महोत्सवलाई आमा समुहहरुले सघाउने

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा आगामी पुस ७ गतेदेखि हुने '१८ औं लेखनाथ महोत्सव'लाई सफल बनाउन लेखनाथका विभिन्न आमा समुहहरुले सघाउने भएका छन ।

पुसको १९ गतेसम्म सञ्चालन हुने महोत्सवको विषयमा आयोजित छलफल कार्यक्रममा सहभागी विभीन्न आमा/महिला समुहका प्रतिनिधिहरुले आ-आफ्नो तर्फबाट सक्रियतापुर्वक सहभागी भई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन ।

कार्यक्रममा संघका अध्यक्ष एवं महोत्सवका संयोजक छत्रधर आत्रेयले महोत्सवको तयारीका विषयमा जानकारी दिँदै यहाँका विभिन्न संघ संस्था र समुहहरुले आफ्नो महोत्सवको रुपमा अपनत्व लिएका कारणले लेखनाथ महोत्सव महोत्सवहरुको पनि महोत्सव हुन सफल भएको वताएका थिए । यस्तै उप-महासचिव एवं संघ/संस्था, महिला/आमा समुह परिचालन तथा रत्यौली कार्यक्रम व्यवस्थापन उप-समितिकी संयोजक जानुका अधिकारीले महिलाहरुको सक्रिया सहभागिताका कारण झाँकी र्‍याली, रत्यौली लगायतका कार्यक्रमहरु सफल भएको बताउँदै यस पटक पनि सहयोगको अपेक्षा गरेको बताईन । उक्त अवसरमा आमा समुहहरुको तर्फबाट सुधा थापा, पोखरा महानगरपालिका कार्यपालीका सदस्य निर्मला पौडेल लगायतले बोलेका थिए । उप-समितिकी संयोजक जानुका अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा धन्यवाद ज्ञापन महिला उद्यमी व्यवस्थापन उप-समितिकी संयोजक गंगा मल्लले गरेकी थिईन भने कार्यक्रमको सञ्चालन संघका महासचिव उपेन्द्रराज सुवेदी 'राजु' ले गरेका थिए ।

'महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र सम्बृद्धि' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको महोत्सवमा रहने ३ सय ३८ वटा स्टल मध्ये ८५ प्रतिशत बुकिङ भइसकेको छ । महोत्सवमा पर्यटन प्रवर्द्धन र नयाँ उद्योगको प्रवर्द्धन गर्नका लागी निशुल्क स्टलको ब्यवस्था गरिने आयोजकले जनाएको छ । महोत्सवमा रेष्टुरेण्ट, हस्तकला, कृषी, अटो, रेडिमेट, वित्तिय संस्था, पर्यटन प्रवर्द्धन, सुचना प्रविधी र उद्योगका स्टलहरु रहने प्रचार प्रसार संयोजक राजेन्द्र ओझाले वताए । महोत्सवमा साहित्य, महिला विशेष, विद्यालयस्तरीय, सांस्कृतिक, आदिवासी, जनजाति विशेष कार्यक्रम, जैविक विविधता, कृषि तथा पशुपंक्षी प्रदर्शनी, सुचना प्रविधि, शैक्षिक प्रर्दशनी, हस्तकला, जातजातिहरुको सम्मानमा लोप हुन लागेका रितिरिवाज तथा संस्कृति झल्काउने उत्कृष्ट नृत्य प्रर्दशनी रहने छन । महोत्सवमा ख्याति प्राप्त हास्य व्यंग्य कलाकारहरुको दैनिक प्रस्तुति, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी गीत, लाइभ म्युजिक कन्सर्ट थप आर्कषणका रुपमा रहने छन ।

१० करोड बराबरको आर्थिक कारोवार हुने अनुमान गरिएको महोत्सवबाट ९५ लाख आम्दानी हुने र ८५ लाख खर्च भै १० लाख बचत हुने बताईएको छ । बचत रकमबाट प्रदर्शनी स्थल र संघको भवनको स्तरोन्नती, औद्योगिक क्षेत्रको निर्माणका लागि पहल एवम् सहयोग, कवि शिरोमणी लेखनाथ पौडयालको जन्मस्थल विकास र वेगनासताल, रुपाताल लगायतका पर्यटकिय स्थलहरुको प्रवर्द्धनको क्षेत्रमा खर्च गरिने योजना रहेको छ । २ लाख ५० हजार दर्शकले महोत्सवको अवलोकन गर्ने अपेक्षा गरिएको महासचिव उपेन्द्रराज सुवेदी राजुले जानकारी दिए । महोत्सवको मुख्य प्रायोजकमा सगरमाथा ईन्स्योरेन्स कम्पनी लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक सह प्रायोजकको रुपमा रहेको छन् ।

# ताङतिङमा निशुल्क स्वास्थ्य शिविर, १ सय ७३ जनाले गरे परिक्षण

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

कास्कीको मादी गाउँपालिका २ ताङतिङमा स्थानीयलाई मध्यनजर गर्दै वडा कार्यालयको समन्वयमा निशुल्क स्वास्थ्य शिविरको सम्पन्न भएको छ ।

पोखरा रानीपौवास्थित आस्था किड्नी एण्ड स्पेशलाइड्ड हस्पिटल प्रा.लिको आयोजना र मादी गाउँपालिका २ को समन्वयमा हिमालय मिलनमा एक दिने निशुल्क स्वाथ्य शिविर सम्पन्न भएको हो । नागार्जुड स्वास्थ्य चौकीका प्रमुख हरिबहादुर गुरुङले सो स्वास्थ्य शिविरमा १ सय ७३ जनाले निशुल्क स्वास्थ्य परिक्षण गरेको जानकारी दिए । उनका अनुसार शिविरमा ४७ जनाले सामान्य प्रयोगशाला परिक्षण, ६० जनाले भिडियो एक्सरे तथा इसिजी र बाँकी ४८ जनाले अन्य सेवा लिएका थिए । 'आस्था किड्नी एण्ड स्पेशलाइड्ड हस्पिटल प्रा.लिको आयोजना र मादी २ वडा कार्यालयको समन्वयमा स्वास्थ्य शिविर सञ्चालन गरिएको हो, गुरुङले भने, 'यसबाट स्थानीयहरु एकदमै लाभान्वित हुनुभएको छ ।' सो कार्यक्रममा बोल्दै मादी गाउँपालिकाको अध्यक्ष देवीजंग गुरुङले शहरमुखी अस्पताल सेवालाई ग्रामीण भेगमा पुगेर शिविरको आयोजना गरेकोमा भन्दै आस्था किड्नी एण्ड स्पेशलाइज्ड हस्पिटललाई धन्यवाद व्यक्त गरे । उनले उक्त शिविरबाट स्थानीहरु लाभाविन्त भएको बताए । गुरुङले आगामी दिनमासमेत सामाजिक उत्तरदायित्व बहन गर्ने बताउदै विभिन्न सामाजिक क्रियाकलापलाई निरन्तरता दिने बताएका थिए । यसैगरि कार्यक्रममा मृगौला रोग विशेषज्ञ डा. अमृत केसीले ग्रामीण भेग तथा गाउँघरमा नियमित स्वास्थ्य जाँच नहुने भएकाले स्वास्थ्य सेवालाई गाउँ केन्द्रित गरेको धारणा राखेका थिए । निशुल्क स्वास्थ्य शिविरमा जटिल प्रकारको रोग कसैमा पनि नदिखिएको र शिविरमा सहभागीहरुलाई निशुल्क औषधी वितरण गरिएको मादी २ का वडा अध्यक्ष भोजबहादुर गुरुङले जानकारी दिए । गुरुङका अनुसार उक्त शिविरमा मृगौला रोग विशेषज्ञ डा. अमृत केसी, हाड जोर्नी तथा नसारोग विशेषज्ञ डा. भिम सिग्देल, पेट, छाटी तथा मुटु रोग विशेषज्ञ डा. राजेन्द्र पौडेल, सर्जन डा. परिवर्तन बराल र रेडियोलिष्ट डा. नवराज पौडेलले स्वास्थ्य जाँच गरेका थिए । कार्यक्रममा मादी गाउँपालिकाका उपाध्यक्ष कल्पना गुरुङ तथा वडा सदस्यहरु लगायतको सहभागिता रहेको थियो ।

# पोखराबेसी बहुउद्देश्यीय सहकारीको चौथो वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर




पोखरा महानगर पालिका वडा नं २ बाग्लुङ बसपार्क स्थित पोखराबेसि बहुउद्देश्यीय सहकारी सहकारी संस्थाको चौथो बार्षिक साधारण सभा सम्पन्न भएको छ । शनिबार भएको सभाले आर्थिक वर्ष ०७८/०७९ असार मसान्त सम्मको संस्थाको आर्थिक गतिविधि लेखापरिक्षण प्रतिवेदन सर्वसम्मतले पास गरेको हो ।

कार्यक्रममको प्रमुख अतिथि पोखरा महानगर पालिका वडा न १८ का वडा अध्यक्ष शिब प्रसाद तिमिल्सिनाले सहकारी ऐनलाई मर्यादित रुपमा कार्यान्वयन गर्न सबै सहकारीहरुलाई आग्रह गरे । उनले "सहकारीको महत्व जति दुरदराज गाउँका मानिसहरुमा छ, शहर बजारका मानिसमा महत्व कम भएको भन्दै संचालकहरुले सहकारीको उद्देश्य सिद्धान्तमा रहेर अगाडी बढ्नु पर्ने" बताएका छन । आगामी दिनमा समेत सहकारीले स्थानियहरु सगँ हातेमालो गर्दै, निम्न आय स्रोत रहेका शेयर सदस्यहरुको उत्थानको लागि सँगसँगै अघि बढ्नुपर्ने धारणा राखे ।

पोखरा महानगरपालिकाका सहकारी सल्लाहकार विज्ञ दिपक प्रसाद आर्चायले कोभिड-१९ को असरबाट प्रभावित शेयर सदस्यहरलाई उपलब्ध गराएको राहत होस वा संस्थाका सदस्यहरुलाई संस्था आफैले वितरण गरेको राहत सहयोग होस् सबै उल्लेखनिय रहेको र सामाजिक क्षेत्रमा समेत संस्थाका सञ्चालकले खेलेको भूमिका प्रशंसनीय रहेको चर्चा गरे । नेपाल सरकारले लागु गरेको सहकारी नियमानुसार १६ प्रतिशत भन्दा बढि व्याज नलिन आग्रह गरे ।

पोखरा महानगरपालिका वडा न ६ का निर्वतमान वडा अध्यक्ष तथा पहारी कुल संरक्षण समितिका सचिव जगत बहादुर पहारीले सहकारीले समाजमा उल्लेख्य योगदान गरेको भएता पनि केही सहकारीले नियतवस वदमासी गरेको हुनाले सदस्यहरुले सहकारीलाई छानेर विश्वासिलो संस्थामा मात्र कारोवार गर्नु पर्ने कुरामा जोड दिए । सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्ष नारायन पहारीले आर्थिक वर्ष ०७८/०७९ को प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको माध्यमबाट गाउँको र शहरको सम्बन्ध जोड्ने र गाउँको उत्पादनलाई शहरमा ल्याइ शहरको पुजिलाईलाइ गाउँमा लैजानुका साथै शहरमा बस्ने ब्यक्तिहरुलाई सुलभ स्वास्थ बस्तु उपभोग गर्ने बाताबरण सृजना गरि सदस्यहरुको सुखी सम्बृद्धि बनाउने आफ्नो परिकल्पना रहेको सुनाए ।

संस्थाका सदस्य ममता पराजुलीले सहकारीका सात सिद्धान्त वाचन गरी सुभारम्भ गरिएको कार्यक्रममा संचालक सदस्य दिपेन्द्र राई स्वागत मन्तब्य र लेखा सुपरिवेक्षण समितिका संयोजक प्रेमराज पहारी, कोषाध्यक्ष उत्तम सेवक कार्की र सचिव कृष्ण तिमिल्सिनाले आ-आफ्नो वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । साधारण सभाको अवसरमा असल ऋणी, असल बचत कर्ता र संस्थामा निरन्तर सेवा अवधी गरेकी उतृष्ट कर्मचारी लाई सम्मान गरेको थियो ।

# गठबन्धन पाँच वर्षसम्म कायम हुनुपर्छ : नेता भण्डारी

पोखरापत्र संवाददाता
तनहुँ, २४ मंसिर

नेपाली काग्रेसका केन्द्रीय सदस्य एवं तनहुँ क्षेत्र नं २ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले गठबन्धन आगामी पाँच वर्षसम्म कायम रहनुपर्ने बताउनुभएको छ ।

शनिबार दमौलीको विपी स्मृति भवनमा आयोजित निर्वाचन समीक्षा कार्यक्रममा बोल्दै उहाँले निर्वाचनमा अपेक्षाअनुसार मत प्राप्त नगरे पनि पाँच वर्षसम्म गठबन्धन टुट्न दिन नहुने बताउनुभयो ।

उहाँले सङ्गठन सुदृढीकरण गर्न सकेको भए निर्वाचनमा काँग्रेसले अझ बढी सिट जित्न सक्थ्यो भन्दै सङ्गठन सुदृढीकरणमा लाग्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।

# स्कुल टोल विकास संस्थाको साधारणसभा तथा अधिवेशन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

पोखरा महानगरपालिका वडा नं ३२ तल्लो गगनगौडास्थित स्कुल टोल विकास संस्थाको २१ औं साधारणसभा एवम् १० औं अधिवेशन एक कार्यक्रमका बीच शनिबार सम्पन्न भएको छ ।

कार्यक्रमको पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले उद्घाटन गर्नुभयो । उद्घाटन समारोहमा वडा अध्यक्ष कार्कीले समाजका हरेक गतिविधिमा सबैको साथ र सहयोग आवश्यक रहेनमा जोड दिनुभयो । संस्थाका अध्यक्ष इन्द्रबहादुर खत्रीले सबैको साथ र सहयोगमा टोलका विभिन्न सामाजिक गतिविधि बढाएको भन्दै सहयोगी प्रति आभार व्यक्त गर्नुभयो ।

नेपाली काँग्रेसका नेता तथा समाजसेवी खेमराज अधिकारी, गणेशबहादुर खत्री लगायतले समाजमा यो वा त्यो रुपमा कसैप्रति विभेद नगरी एकताबद्ध भएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो । अधिवेशनले समितिको आगामी कार्यकालका लागि बलराम केसीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन गरेको छ । समितिका उपाध्यक्षमा अप्सरा घिमिरे, सचिवमा विद्या अधिकारी, कोषाध्यक्षमा लिला पराजुली, सह सचिवमा केशकुमारी थापा(ख) रहनुभएको छ । त्यस्तै सदस्यहरुमा नारायणी थापा, लक्ष्मी केसी, निला गुरुङ, संगिता ढकाल र मनिता केसी रहनुभएको छ । अधिवेशनका लागि खेमराज अधिकारीको संयोजकत्वमा गणेश केसी र पार्वती बस्नेत रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो । नव निर्वाचित अध्यक्ष केसीले सबैको साथ र सहयोगमा टोलका विकास निर्माण लगायतका सामाजिक गतिवधि बढाउने विश्वास व्यक्त गर्नुभयो ।

# सराङकोट सहकारी १६ औ वर्षमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ मंसिर**



सराङकोट बहुउद्देश्यीय सहकारी सस्थाको १६ औ बषिक उत्सवको अवसरमा त्रिदिवसीय कार्यक्रम पहिलो दिन रत्तदान तथा होलबोडी चेकअप गरीएको छ।

संस्थाले रेडियो प्रशारण आर्थिक कारोबार संगै सामाजिक सेवा मुलक कार्यक्रमहरु गरीदै आएको अध्यक्ष कृष्ण बहादुर थापाले बताए।

यस बर्ष लान्यस क्लव अफ पोखरा दर्पण तथा स्टार डाइग्नोष्टिक सेन्टरको सहकार्य आम समुदायको लागी रगत परिक्षण बाट हुने चेकअप सहित स्वास्थ्य सचेतना गराइएको थियो।

यस वर्ष स्वास्थ्य संगै पोखराका ३ बिधालयका बिधार्थीहरु लाई न्यानो कपडा बृद्धाबृद्ध लाई भौतिक सामग्री वितरण गरीने कार्यक्रम संयोजक तथा क्लवका अध्यक्ष राममणि पौडेल ले बताए। कार्यक्रममा गण्डकी प्रदेश का मुख्य महा न्याधीबक्ता रोहित राज बास्तोला र रत्तदाता दान बहादुर भुजेल, लेखनाथ तिवारी लाई ब्लड ब्याग वितरण गदै आर्थिक बिकासमा सहकारी को भुमिका महत्वपुर्ण रहेकोले ऐन, नियम भित्र रही संस्था संचालन गर्नुपर्ने बताए। कार्यक्रममा सहभागीहरुलाइ वातावरणमैत्री झोला बितरण गरीएको थियो। संस्थाका अध्यक्ष कृष्ण बहादुर थापा को सभापतित्वमा भएको कार्यकाक्रममा रेयुकाई नेपालका पुर्व केन्दीय अध्यक्ष प्रबिन कुमार गुरुङ, रत्तसंचार केन्द्र का प्रमुख अर्जुन प्रशाद ज्ञवाली लान्यस क्लव ३२५ यल का रत्तदान प्रखुम बाल कृष्ण न्युरे, संस्थाका सलाहकार पूर्व अध्यक्ष प्रेम बहादुर जि.सी सलाहकार डा. इन्द्र मान मर्हजन, इन्द्र कमल मान्नधर आकास्मीक रत्तदान यूनिट का प्रमुख हरिश्चन्द्र शर्मा,

उपाध्यक्ष बसन्त बहादुर बानिया, कोषाध्यक्ष राममणि पौडेल, सचिव कुल प्रशाद सुवेदी ब्यवस्थापक सुरेन्द्र थापा लगायतले आ आफ्नो धाराणा राखेका थिए।

# सात वर्षदेखि अलपत्र पक्की पुलको काम सुरु

**पोखरापत्र संवाददाता**
**दमौली, २४ मंसिर**

निर्माण सुरु भएर सात वर्षदेखि काम रोकिएको तनहुँको दुई पालिका जोड्ने पक्की पुलको काम अगाडि बढाइएको छ। शुक्लागण्डकी नगरपालिका-७ दोभान र भिमाद नगरपालिका-८ भागर जोड्ने सेती नदीमाथिको पुलको निर्माण कार्य अगाडि बढाइएको हो।

सङ्घीय सरकारको लगानीमा निर्माण सुरु भएको उक्त पुलको म्याद तीन पटक थपिएको छ। पछिल्लो पटक थपिएको म्याद गत वर्षको भदौ ९ गते सकिँदा हालसम्म तीन वटा पिल्लरको मात्रै काम सम्पन्न भएको छ। नदी किनारमा दुई र नदीको बीचमा एउटा पिल्लर ठडिएको छ। नदीको बीचमा अझै अर्को पिल्लर बनाउन बाँकी छ। गत वर्षको हिउँदमा चौथो पिल्लर उठाउन जग राख्ने काम भएको थियो। नदीको बहाव बढेपछि काम रोकिएको थियो।

निर्माण व्यवसायी अहिले फिल्डमा आएर काम अगाडि बढेको छ। निर्माण व्यवसायी योगेन्द्र कँडेलले ढाँचा परिवर्तनका कारण काम ढिलाइ भएको बताउनुभयो। "पहिला ओपन फाउण्डेशन थियो, डिजाइन परिवर्तनका लागि तीन वर्ष लाग्यो", उहाँले भन्नुभयो, "कोभिडका कारण पनि काम ढिलो भयो।" उहाँका अनुसार आगामी असार मसान्तसम्म म्याद थप भएकाले त्यो अवधिसम्म काम सम्पन्न हुनेछ। "वर्षाका बेला काम गर्न सकिँदैन, हिउँदमा मात्रै काम हुन्छ", उहाँले भन्नुभयो, "सडक विभागसँगको समन्वयमा काम गर्छौं।"स्थानीय शिवकुमार आलेले निर्माण व्यवसायीले असारभित्र काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेकाले खुशी लागेको बताउनुभयो। लामो समय पुल निर्माण अलपत्र हुँदा आवातजावतमा समस्या भएको स्थानीय प्रेमबहादुर थापा बताउनुहुन्छ। समयमै पुल निर्माण नहुँदा सेती पारीका भिमाद नगरपालिका, शुक्लागण्डकी र स्याङ्जाको हरिनास गाउँपालिकाका स्थानीय मर्कामा परेका छन्। थापाका अनुसार यहाँ पक्की पुल नहुँदा दुई पाङ्ग्रे सवारी झोलुङ्गे पुलबाट जोखिम मोलेर तारिन्छ। थापा भन्नुहुन्छ, "सवारी चलाउने र पुल तर्ने पैदलयात्रुलाई पनि जोखिम छ। धैरै पटक दुर्घटना भइसक्यो।" झोलुङ्गे पुल नतर्ने हो भने भिमाद बजार घुमेर जानुपर्ने बाध्यता छ। पुल नबन्दा सेती पारीको समग्र विकास प्रभावित भएको स्थानीयवासीको गुनासो छ। मोटरसाइकल, स्कुटरबाहेकका ठूला सवारी साधन घुमाउरो बाटो हुँदै नजिकको पृथ्वीराजमार्ग र बजारमा पुग्नुपर्छ। क्याङ्दी खोला तरेर पुल्चोक हुँदै दुलेगौँडा बजार जाने एउटा विकल्प छ। वर्षायाममा क्याङ्दी खोलाबाट सवारी वारपार नहुँदा भिमाद बजार हुँदै राजमार्गमा पुग्ने गरेका छन्। हिउँदमा घुमाउरो बाटो प्रयोग गरेपनि वर्षाको बेला मोटरेवल पुलको अभाव खड्किन्छ। धैरै पटक सरोकारवालालाई खबरदारी गरिए पनि काम अगाडि बढ्न सकेको छैन। विसं २०७२ असार ३० गते सम्झौता भई २०७५ असार २९ मा निर्माण सम्पन्न गर्ने गरी एड्भेन्चर कन्स्ट्रक्सन चितवनले पुलको ठेक्का पाएको थियो। विसं २०७५ चैत १५ गते पहिलो पहिलो पटक म्याद थप गरिएको थियो। काम नसकिएपछि विसं २०७७ फागुन १४ गतेसम्म दोस्रो पटक म्याद थप भयो। विसं २०७८ भदौ ९ गतेसम्म तेस्रो पटक म्याद थप भएकामा उक्त अवधिमा पनि केही प्रगति हासिल नभएको बताइन्छ। रु आठ करोड ८० लाख ५० हजार आठ सय ८३ को लागतमा पुल निर्माण हुन लागेको हो।


## कर्जाको साँवा, ब्याज एवं हर्जना ब्याज समेतको रकम चुक्ता गर्न आउने बारेको सूचना !

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/२५**

श्री शेयर सदस्य महानुभावहरुः
यस रोयल बचत तथा ऋण सहकारी संस्था लि. स्याङ्जाबाट विभिन्न शिर्षकमा भिन्न भिन्न समयमा कर्जा लिई समयमै नियमित वा चुक्ता नभई भाखा नाघेका कर्जा ग्राहक, धितो मञ्जुरी नामा दिने तथा व्यक्तिगत धन जमानत बस्नेले लामो समयदेखि कर्जा नियमित वा चुक्ता नगरेका ऋणीहरुलाई संस्थाबाट पटक-पटक मौखिक जानकारी तथा पत्राचार गर्दा समेत कर्जा भुक्तानी गर्न आलटाँल गरेकाले संस्थाका सम्पूर्ण ग्राहक, धितो मञ्जुरी दिने तथा व्यक्तिगत धन जमानत बस्नेले संस्थाको कार्यालय समयमा सम्पर्क राखि यथाशिघ्र साँवा, ब्याज र हर्जना ब्याज समेतको रकम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा नियमित वा चुक्ता गर्नु गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि तोकिएको समय सिमा भित्रमा रकम भुक्तानी नगरेमा संस्थाको संचालक समितिको बैठकको निर्णय अनुसार काम कारबाही अगाडी बढ्ने छ।

अन्यथा संस्थाले आफ्नो अनुकूल समयमा लेना बाँकी साँवा, ब्याज र हर्जना ब्याज समेतको रकम असुलीको लागि संस्थाको नियमानुसार ग्राहक, धितो मञ्जुरी दिने तथा व्यक्तिगत धन जमानत बस्नेको फोटो सहित ३ (तीन) पुस्ते नाम नामेसीको सूचना पत्रिकामा प्रकाशन गरी धितो लिलाम गर्ने, संस्थाले धितो सकार गर्ने, ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने तथा सम्बन्धीत जिल्ला अदालतमा लेनदेनको मुद्दा दायर गर्ने लगाएतका सम्पूर्ण असुलीका काम कारबाही अगाडी बढाउने व्यहोरा सम्पूर्ण कर्जा ग्राहक, मञ्जुरीनामा दिने तथा व्यक्तिगत धन जमानत बस्नेहरु सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। यस कार्यबाट ऋणी सदस्यहरु, मञ्जुरी दिने र धन जमानत कर्ताहरुको व्यक्तिगत तथा सामाजिक प्रतिष्ठामा कुनै आँच पुगेमा संस्था जवाफदेही नहुने व्यहोरा समेत सूचित गरिन्छ।

रोयल बचत तथा ऋण सहकारी संस्था लि.
ROYAL Savings & Credit Co-operative Ltd.
**पुतलीबजार नगरपालिका-१, स्याङ्जा**
**फोन नं. ०६३ : ४२०४५२, ४२००६७**


# आरजू युआरएल पत्रकारिता पुरस्कारबाट सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ मंसिर**



पत्रकार आरजू विष्ट सल्यानी युआरएल पत्रकारिता पुरस्कार २०७९ बाट सम्मानित भएका छन्। शुक्रबार आयोजित समारोहमा पोखरा महानगरका मेयर धनराज आचार्य, युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्त लगायतले सल्यानीलाई सम्मान गरे। २ दशकभन्दा बढीदेखि पत्रकारिता क्रियाशील सल्यानी रेडियो अन्नपूर्ण र सफल आवाज डटकममा आवद्ध छन्। गीतकार/गजलकारको रुपमा समेत चर्चित उनी फाइन आर्टमा पनि रुचि राख्छन्। गण्डकी प्रदेशकै पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी(युआरएल)ले स्थापना र सञ्चालन गरेको यो पुरस्कारको राशि नगद २० हजार र ताम्रपत्र छ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेल संयोजक र डा सुरेश पौडेल र पत्रकार वासुदेव मिश्र सदस्य रहेको प्रतिभा छनोट समितिले सल्यानीलाई पुरस्कृत गर्ने निर्णय गरेको थियो। पुरस्कृत व्यक्तित्व सल्यानीले जनस्तर र निजी क्षेत्रबाट प्रदान हुने पुरस्कारले पत्रकारिता क्षेत्रको मनोबल उच्च बनाइरहेको बताए।

कार्यक्रममा पोखरा महानगरका मेयर धनराज आचार्यले पोखरालाई सबै क्षेत्रमा नमुना बनाउने गरी काममा जुटेको बताए। उनले निजी क्षेत्रको ल्याबले प्रदेशभर शाखा विस्तार गरी सामाजिक उत्तरदायित्व, पत्रकारिता पुरस्कार सञ्चालन जस्ता कार्य गर्नु उदाहरणीय भएको बताए। मेयर आचार्यले भने, 'हामी जनताको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा हुनुपर्छ भन्नेमा छौं। व्यक्तिगत रुपमा म युआरएलको स्थापनादेखिकै नियमित ग्राहक हुँ। बेला बेलामा हामीले नियमित रगत जाँच गर्नु जरुरी छ।' पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व उपकुलपति प्राडा बुद्धिबहादुर थापाले स्वास्थ्य क्षेत्रमा नेपाल अहिले निकै अघि बढिसकेको उल्लेख गरे। उनले नयाँ प्रविधिबाट चल्ने अत्याधुनिक प्रयोगशाला हुँदा चिकित्सकलाई रोग पत्ता लगाउन सजिलो हुने उल्लेख गरे। नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य बाबुराम गिरीले पोखरालाई शिक्षा र स्वास्थ्यको केन्द्र बनाउन सकिने सम्भावना औंल्याए। सर्वसाधारणसको स्वास्थ्यमा सहज पहुँचका लागि लगानी बनाउनुपर्ने उनको भनाइ छ। अफिन गण्डकी प्रदेश अध्यक्ष अशोक पालिखेले नेपालमा निजी क्षेत्रले स्वास्थ्य सेवासँगै ठूलो रोजगारी सिर्जना गरेको जनाए। सरकारले निजी क्षेत्रको योगदानको मूल्यांकन र सम्मान गर्न नसकेको उनको भनाइ छ। युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले स्थापनाको १० वर्षसम्म आइपुग्दा कास्की र आसपासका क्षेत्रका सेवाग्राही, चिकित्सक, स्वास्थ्यकर्मी र सर्वसाधारणको उत्साहपूर्ण साथ पाएको बताए। उनले युआरएलले आगामी वर्षबाट नयाँ अवार्ड वितरण सुरु गर्ने घोषणासमेत गरे। पन्तले भने, 'आगामी वर्षबाट युआरएल लाइभ टाइम एचिभमेन्ट अवार्ड थप गरिनेछ। यो अवार्ड र पत्रकारिता पुरस्कार दुवै सञ्चालन गर्ने गरी युआरएल फाउन्डेसन स्थापना गरिनेछ।' स्वास्थ्य क्षेत्रमा निस्वार्थ तवरले लामो समय योगदान गर्ने व्यक्तित्वलाई यो अवार्ड मापदण्ड बनाएर प्रदान गरिने उनले जानकारी दिए। कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी अध्यक्ष नारायणप्रसाद शर्मा, महासंघका केन्द्रीय सदस्य सरिता तिम्सिना पंगेनी, प्रेस स्वतन्त्रताका सेनानी वद्रिविनोद प्रतीक, युआरएलका निर्देशक सन्दीप अर्याल, युआरएलका प्रबन्ध निर्देशक गणेश कोइराला, पूर्व पुरस्कृत व्यक्तित्व ऋषि खतिवडा लगायतले बोलेका थिए।

सितैमा १ सय ३० शिविर सञ्चालन गरिसकेको युआरएलले जनतालाई स्वास्थ्यबारे सचेत बनाउने पत्रकारलाई पुरस्कृत गरी वार्षिकोत्सव मनाउँदै आएको छ। यसअघि यो पुरस्कारबाट पत्रकारहरु ऋषि खतिवडा, यदुनाथ वञ्जारा, सुरेन्द्र पौडेल, प्रदीप पौडेल र हरि बास्तोला सम्मानित भइसकेका छन्। यसैबीच, युआरएलले शुक्रबारदेखि पोखराको विरौटाबाट सेवा आरम्भ गरेको छ। विरौटा र आसपासमा रहेका सेवाग्राहीलाई सहज रुपमा सेवा दिन सञ्जाल विस्तार गरिएको युआरएलका प्रबन्ध निर्देशक गणेशप्रसाद कोइरालाले बताए। गण्डकी प्रदेशको पहिलो रेफरेन्स ल्याब युआरएलले आइएसओ प्रमाणपत्र पाएको छ।

# धौलागिरि अस्पताललाई एम्बुलेन्स

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ मंसिर**

धौलागिरि अस्पताल बागलुङलाई नयाँ एम्बुलेन्स हस्तान्तरण गरिएको।

बागलुङ नगरपालिका र बागलुङ अष्ट्रेलिया समाजको सहयोगमा खरिद गरिएको एम्बुलेन्स अस्पताललाई हस्तान्तरण गरिएको हो। एम्बुलेन्स खरिद गर्नका लागि बागलुङ नगरपालिकाले रु ३२ लाख र बागलुङ अष्ट्रेलिया समाजले रु २८ लाख दुई हजार सहयोग गरेको थियो।

गत सालको मङ्सिरमा अस्पताल विकास समितिले विविध कारण देखाउँदै बागलुङ समाज अष्ट्रेलियाले पठाएको सो रकम फिर्ता गरेको थियो। एम्बुलेन्स हस्तान्तरण कार्यक्रममा बागलुङ नगरपालिका प्रमुख वसन्तकुमार श्रेष्ठले एम्बुलेन्सको सदुपयोग गर्नुपर्ने बताउनुभयो। एम्बुलेन्स खरिदका लागि रकम जुटाउन समन्वय गर्ने पुनम शर्मा, जमुना विष्टले एम्बुलेन्सको सदुपयोग हुनुपर्नेमा जोड दिनुभयो।

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

**रासस**
**काठमाडौं, २४ मंसिर**

लैङ्गिक हिंसाका गतिविधि नियन्त्रण गर्ने अभियानस्वरुप लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु गरिएको हो। विश्वव्यापीरूपमा २५ नोभम्बरदेखि १० डिसेम्बरसम्म मनाइने यो अभियान नेपालमा विसं २०५४ देखि मनाउन थालिएको थियो।

अभियान अवधिमा राष्ट्रिय महिला आयोगले मङ्सिर ९ मा लैङ्गिक हिंसाविरुद्धको अन्तर र्‍ाष्ट्रिय दिवस मनाएको थियो भने मधेस प्रदेशमा लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी दुईदिने कार्यशाला आयोजनालगायतका काम गरेको थियो। साथै रेडियो नेपाल र नेपाल टेलिभिजनबाट लैङ्गिक हिंसा निवारण र महिला सशक्तीकरणसम्बन्धी विशेष कार्यक्रम प्रसारण, वार्षिक कार्यक्रमअन्तर्गत लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी कार्यक्रम केन्द्र, प्रदेश र जिल्लास्तरमा सञ्चालन गरिएको आयोगका सचिव कविराज पौडेलले बताउनुभयो।


## कर्जा चुक्ता गर्न आउने बारेको २१ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०८/२५**

यस **रोयल बचत तथा ऋण सकारी संस्था लि. स्याङ्जा**बाट तपशिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको संस्थासँग गरेको शर्त सम्झौता तथा लिखत बमोजिम उपभोग गरेको कर्जाको साँवा, ब्याज, हर्जना ब्याज तथा अन्य दैदस्तुर आदी रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई आलटाँल गरी कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लङ्घन गरेकाले सो सम्बन्धमा विभिन्न मितिमा मौखिक तथा लिखित पत्रहरुद्धारा १५ (पन्ध्र), ७ (सात) र ३ (तीन) दिने सूचना र मिति २०७९ भाद्र १ गतेका दिन पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋणीले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना ब्याज रकम तथा अन्य दैदस्तुर रकम समेत चुक्ता तथा भुक्तानी नगरी आलटाँल गरी बाँकी राखि कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुँदा कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचनापछि यो २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना ब्याज रकम तथा अन्य दैदस्तुर आदि रकम चुक्ता भुक्तानी गर्नुहोला। अन्यथा ऐन, कानून तथा संस्थाको नियम र यस संस्थासँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारबाही गरी लिखत बमोजिमको संस्थाले लेना रकम धितोमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री लगाएतका कानूनी कारबाही गरी असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समाबेश गर्न सकिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लिखत अनुसारको सम्पूर्ण रकम धितो लिलामबाट असुल उपर नभए सहकारी ऐन, २०७४ तथा सम्बद्ध निकाय, अन्य कानूनी प्रक्रिया अनुरुप ऋणी तथा जमानीकर्ताको अन्य चल, अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋण, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपशिल :

| क्र.श | ऋणीको नाम : | व्यक्तिगत जमानीकर्ता : |
|---|---|---|
| १. | नाम : चन्द्रबहादुर दमै<br>बाबु : उदर सिङ दमै<br>बाजे : च्याउरे दमै<br><br>ठेगाना : बिरुवा गाउँपालिका वडा नं.-५, (साविक किचनास गाविस-३) हाल पुतलीबजार नगरपालिका वडा नं.-१, स्याङ्जा<br>ना.प्र.नं. ९६४०<br>जारी मिति :२०४९/०२/०९, स्याङ्जा | नाम : राजु नेपाली परियार<br>बाबु : चन्द्रबहादुर दमै<br>बाजे : उदर सिङ दमै<br>ठेगाना : बिरुवा गाउँपालिका वडा नं.-५ (साविक किचनास गाविस-३) हालः पुतलीबजार नगरपालिका वडा नं.-१, स्याङ्जा<br>ना.प्र.नं. : ७३८४०<br>जारी मिति : २०६०/०९/०७ स्याङ्जा। |
| | धितोमा रहेको सम्पत्तिको विवरण :<br>चन्द्रबहादुर दमैको नाममा जिल्ला मालपोत कार्यालय स्याङ्जामा श्रेष्ता कायम रहेको साविक स्याङ्जा पुतलीबजार-९ हाल पुतलीबजार नगरपालिका वडा नं.-१ को कित्ता नं. ४०६ को क्षेत्रफल ०-३-०-० रोपनी भएको जग्गा र सो जग्गामा चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

रोयल बचत तथा ऋण सहकारी संस्था लि.
ROYAL Savings & Credit Co-operative Ltd.
**पुतलीबजार नगरपालिका-१, स्याङ्जा**
**फोन नं. ०६३ : ४२४४५२, ४२४०६७**